नेपाल सरकार

**राष्ट्रिय सतर्कता केन्द्र**

सिंहदरवार,काठमाडौं

**जिन्सी सामानहरुको लिलाम बिक्री गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१।०१।२६

यस केन्द्रको नाउँमा रहेको पुराना फर्निचर, ल्यापटप, कम्प्युटर लगायतका जिन्सी मालसामानहरुको सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईजाजतप्राप्त ईच्छुक फर्महरुबाट रितपूर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| सि.नं. | प्याकेज नं | विवरण | बोलपपत्रको मुल्य | धरौटी रकम |
|---|---|---|---|---|
| १ | १/०८०-८१ | फर्निचर, ल्यापटप, कम्प्युटर लगायतका जिन्सी मालसामानहरु | १०००।- | बोल अंकको १० प्रतिशतले हुने रकम |

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा सम्बन्धित कार्यको लागि इजाजत प्राप्त फर्मले चालु आ.ब.को लागि नविकरण भएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र (मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र), आ.ब.२०७९।०८० को कर चुक्ता प्रमाणपत्र सहित राष्ट्रिय बाणिज्य बैंकको खाता नम्बर १०००१००२०००१००००, यस कार्यालयको कोड नम्बर ३०१०४३५०१ र राजस्व शिर्षक नम्बर १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा रु. १०००।(फिर्ता नहुने) जम्मा गरि निवेदन पेश गरि यस केन्द्रको स्टोर शाखा बाट कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फाराममा आफ्नो फर्मको नाम, ठेगाना, आफुले कबुल गरेको रकम अंक र अक्षरूपीमा प्रस्ट लेखि सिलबन्दी गरि ८औं दिनको अपरान्ह १२:०० बजे भित्र यस केन्द्रको दर्ता शाखामा दर्ता गराईसक्नु पर्नेछ ।दर्ता हुन आएका बोलपत्र सोहिदिन दिनको २:०० बजे बोलपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ।खोल्ने समयमा बोलपत्र दाता वा निजका प्रतिनिधिको उपस्थिति नरहेको अबस्थामा पनि खोल्न बाधा हुने छैन।

३. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको पहिलो दिन सोहि स्थान र समयमा हुनेछ।

४. बोलपत्र साथ सूचनामा उल्लेखित धरौटी रकम को.ले.नि.का भुक्तानी केन्द्र नं.४ को सिंहदरवार स्थित राष्ट्रिय बाणिज्य बैंकको क २.३ (धरौटी) खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको ७५ दिनको अबधि भएको बैक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ।

५. बोलपत्रको मान्य अबधि ४५ दिनको हुनेछ।

६. एउटा फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

७. बोलपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ।

८. बोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्र कबुल गरेको सम्पूर्ण रकम जम्मा गरि सामान उठाई लैजानु पर्नेछ।अन्यथा राखिएको धरोटी रकम जफत गरी जफत रकम बराबर घटी कवोल भएको क्रमशः दोश्रो तेश्रो वा चौथो घटीवालाको कबोल अंक स्वीकृत गर्न सकिनेछ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार राष्ट्रिय सतर्कता केन्द्र सिंहदरबार, काठमाण्डौं